# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

*इ.प्रा. परिपत्र संख्या:-* ३९०                                        *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त "क" र राष्ट्रियस्तरका "ख" वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।**

विषय :- **परिवर्त्य विदेशी मुद्रामा सुन आयात गर्ने व्यवस्था सम्वन्धमा ।**

महाशय,

नेपाल सरकारको राजपत्र खण्ड ५५ अतिरिक्ताङ्क ७२ (ग) मा मिति २०६२।११।०४ मा प्रकाशित सूचना अनुसार पैठारी गर्न पूर्ण बन्देज लागेका वस्तुहरूको सूचीबाट सुन हटाउने व्यवस्था भएकोले निम्न शर्तको अधिनमा रही सुन आयात गर्न सकिने हुँदा सोही वमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. आयात गर्न ग्राह्य निकायहरू:

क) विधिवत दर्ता भएका फर्म/कम्पनी

ख) बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०६३ अनुरुप ईजाजतप्राप्त "क" वर्गका (बैंक) संस्था ।

२. भुक्तानी/आयात प्रकृया:

क) **Stand by L/C / Bank Guarantee अन्तर्गत हुने आयात**

<u>कार्यविधि तथा शर्तहरु</u>

१) आयात गर्ने नेपाली पक्ष र विदेशस्थित आपूर्तिकर्ता वीच आपूर्ति गरिने सुन सम्वन्धी Agreement/MOU भएको हुनुपर्ने ।

२) आवश्यक रकम वरावरको Stand by L/C/Bank guarantee नेपाली बैंकले आपूर्तिकर्तालाई उपलव्ध गराएको हुनुपर्ने ।

३) आवश्यक Proforma Invoice, Shipping Documents र Packing List सहित सुन पैठारी भएको हुनुपर्ने ।

४) आयातकर्ताले प्रचलित नियमानुसार बुझाउनुपर्ने महशुल बुझाई उक्त सुन सम्वन्धित भन्सार कार्यालयबाट छुटाउन सकिने ।

५) Agreement र MOU मा उल्लेख भए वमोजिम आयातित सुनसँग सम्वन्धित भुक्तानी बैंकले आपूर्तिकर्तालाई पछि उपलव्ध गराउने ।

६) यसरी भूक्तानी उपलव्ध गराउनु अधि भन्सार प्रज्ञापनपत्र लगायत अन्य आवश्यक कागजातहरु बैंकले राख्नुपर्ने ।

७) यस प्रकृया अन्तर्गत "क" वर्गका (बैंक) संस्थाले आयात गर्ने सुनको हकमा धरौटी तथा वि.वि.नि.फा.नं. ४ आवश्यक नपर्ने ।

ख) **Hand Carry अन्तर्गत हुने आयात**

<u>कार्यविधि तथा शर्तहरु</u>

१) विधिवत दर्ता भएका फर्म/कम्पनीको तर्फबाटमात्र आयात गर्नसक्ने ।

२) भुक्तानीको हकमा ड्राफ्ट/टि.टि.मार्फत पनि हुन सक्ने र ड्राफ्ट/टि.टि.को माध्यमबाट आयातको भुक्तानी गर्दा एक पटकमा अमेरिकी डलर ३० हजारसम्मको विद्यमान भुक्तानी सीमा यस प्रयोजनकोलागि लागू नहुने ।

३) एउटा Consignment कम्तीमा १० किलो परिमाणको हुनुपर्ने ।

४) Hand Carry मार्फत सुन ल्याउनुभन्दा कम्तीमा १ दिन अगाडि नै आयात हुने सुनको परिमाण, लिएर आउन व्यक्तिको नाम, राहदानी नं. र फ्लाइट नं. सहितको विवरण त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा अनिवार्य रुपले उपलव्ध गराएको हुनुपर्ने ।

५) यस सम्वन्धी वाँकी अन्य व्यवस्थाहरु इ.प्रा. परिपत्र संख्या ३८५ ले व्यवस्था गरे अनुसार हुनेछ ।

ग) **Normal L/C अन्तर्गत हुने आयात**

प्रचलित व्यवस्थाहरु अन्तर्गत रही L/C मार्फत आयात गर्न सकिनेछ ।

घ) **Draft/TT अन्तर्गत हुने आयात**

<u>कार्यविधि तथा शर्तहरु</u>

१) एक पटकमा अमेरिकी डलर ३० हजारसम्मको आयात भुक्तानी ड्राफ्ट/टि.टि.को माध्यमबाट हुनुपर्ने विद्यमान सीमा यस प्र्योजकालागि लागू नहुने ।

२) वि.वि.नि.फा.नं. ४ जारी गर्दा राखिने १० (दश) प्रतिशत नगद वा बैंकलाई मान्य हुने अन्य सुरक्षण धरौटी जमानत लिई उक्त फाराम सम्वन्धित भन्सार कार्यालयको नाममा जारी गर्नुपर्ने ।

३) यस प्रकृया अन्तर्गत "क" वर्गका (बैंक) संस्थाले आयात गर्ने सुनको हकमा धरौटी तथा वि.वि.नि.फा.नं.४ आवश्यक नपर्ने ।

४) यस सम्वन्धी वाँकी अन्य व्यवस्थाहरु इ.प्रा. परिपत्र संख्या ३८५ ले व्यवस्था गरे अनुसार हुनेछ ।

३. माथि उल्लेखित प्रकृयाहरु अन्तर्गत आयात भएको सुन र भुक्तानी गरिएको विदेशी मुद्राको परिमाण सम्वन्धी विवरणहरु सम्वन्धित बैंकहरुले नेपाल राष्ट्र बैंकमा नियमित रुपले उपलव्ध गराउनुपर्ने ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक